**यो आकाशवाणी हो। समाचार हरिकुमार राईबाट सुन्नुहोस्।**

**सुरुमा प्रमुख समाचार:**

- राष्ट्रपति भोली उद्यम उत्सवमा हुनुहुनेछ सहभागी
- रक्षामन्त्रीले मेजर बब खाथिङ स्मृति समारोहलाई गर्नुभयो सम्बोधन
- प्रधानमन्त्री कार्यालयका राज्यमन्त्रीले २०४० सम्ममा भारतीय अन्तरिक्ष यात्री चन्द्रमामा पुग्ने दिनुभयो जानकारी
- विदेशमन्त्री र बेलायतका राष्ट्रिय सुरक्षा सल्लाहकारबीच भेटवार्ता
- नासाका अन्तरिक्षयात्रीद्वय सुनिता वुलियम्स र बुच विल्मोर अन्तरिक्ष यानमा आज बिहान पृथ्वीमा फर्किए

**समाचार विस्तारमा**

**Pre.-SMSE**

राष्ट्रपति द्रौपदी मुर्मु भोलि राष्ट्रपति भवनमा हुने उद्यम उत्सवमा सहभागी हुनुहुनेछ। यो कार्यक्रम सूक्ष्म, लघु तथा मध्यम उद्यम मन्त्रालयले आयोजना गर्न लागेको हो। यो मार्च 30 मा समापन हुनेछ र यसले देशको जीवन्त सम्पदालाई नागरिकहरूको निकट ल्याएर सूक्ष्म, लघु र मध्यम उद्यमहरूलाई सशक्त र प्रोत्साहित गर्ने लक्ष्य राखेको छ।

**Rajnath-Major Khathing**

रक्षामन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा मेजर बब खाथिङ स्मृति समारोहको पाँचौ ँ संस्करणमा बोल्दै, देशवासीलाई राष्ट्रलाई सधैँ सर्वोपरी राख्न र इमानदार ीसाथ आफ्नो कर्तव्य निर्वाह गर्न आह्वान गर्नुभयो। उहाँले मेजर खाथिङलाई भारतको महान पुत्रका रूपमा वर्णन गर्दै, मेजर खथिङले रणभूमिमा आफ्नो बहादुरीका साथ देशको इतिहासमा अमिट छाप छोडेको बताउनुभयो। श्री सिंहले मेजर खथिङको प्रशासनिक दक्षता, विशेष गरी सशस्त्र सीमा बल र नागाल्याण्ड सशस्त्र प्रहरीको गठनमा उनको योगदानलाई प्रकाश पार्नुभयो। देशको विकास यात्रामा पूर्वोत्तर क्षेत्रको भूमिकालाई स्वीकार गर्दै, रक्षामन्त्रीले पूर्वोत्तर प्रदेशको विकासलाई सरकारले सधैँ प्राथमिकता दिएको पनि जानकारी दिनुभयो।

**Jitendra Singh-Space**

प्रधानमन्त्री कार्यालयका राज्यमन्त्री डा जितेन्द्र सिंहले आज लोकसभामा पूरक प्रश्नको जवाफ दिँदै, सरकारले भारत अन्तरिक्ष स्टेशन नामको आफ्नै अन्तरिक्ष स्टेशन बनाउने योजना बनाएको र सबै योजना सफल भएमा सन् २०४० सम्ममा भारतीय अन्तरिक्ष यात्री चन्द्रमामा पुग्ने जानकारी दिनुभयो। साथै, उहाँले चन्द्रयान-४ दुईवटा लन्च भेइकल मार्फत प्रक्षेपण गरिने र यसमा पाँचवटा कम्पोनेन्ट रहने बताउनुभयो।

गगनयानका लागि छनोट भएका चार अन्तरिक्ष यात्रीलाई जनताको नजरबाट टाढा राख्नुको कारण सोध्दा, श्री सिंहले उनीहरूलाई ध्यान भङ्ग गर्ने तत्वहरूबाट टाढा राख्न यसो गरिएको बताउनुभयो। उहाँले यसै वर्षको अन्त्यसम्ममा महिला रोबोटसहित गगनयानको परीक्षण उडान सुरु गरिने पनि जानकारी दिनुभयो।

**Foreign Minister-Britain Meet**

विदेशमन्त्री एस. जयशंकरले बेलायतका राष्ट्रिय सुरक्षा सल्लाहकार जोनाथन पावेलसँग भेट गरी द्विपक्षीय क्षेत्रीय र विश्वव्यापी सुरक्षा मुद्दाहरूमा छलफल गर्नुभयो। डा जयशंकरले नेपाल, थाइल्याण्ड, लग्जेम्बर्ग, लाटभिया र माल्दिभ्सलगायत विभिन्न देशका विदेशमन्त्रीसँग पनि भेटघाट गर्नुभयो। उहाँले जयशङ्करले अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका महानिर्देशक राफेल मारियानो ग्रोसीसँग पनि भेट गर्नुभयो।

**Foreign Minister**

विदेशमन्त्री डा. एस जयशंकरले आज नयाँ दिल्लीमा सम्पन्न रायसिना संवादमा राष्ट्रिय सुरक्षा र व्यापारिक निर्णयहरूको बढ्दो प्रभावलाई सम्बोधन गर्नुभयो। उहाँले विश्व आर्थिक रणनीतिमा आएको परिवर्तनलाई प्रकाश पार्दै, आज विश्वले राष्ट्रिय सुरक्षालाई ध्यानमा राखेर व्यापारिक निर्णय लिने बताउनुभयो। श्री जयशङ्करले देशहरूले अब सुरक्षित र भरपर्दो साझेदारीलाई प्राथमिकता दिएको अनि भारतको व्यापार वार्ताको चर्चा गर्दै भारतले युरोपेली संघ, बेलायत र अमेरिकासँग प्रमुख व्यापारिक छलफल भइरहेको बताउनुभयो। साथै, उहाँले यी देश भारतको विकास बजार, प्रविधि र रणनीतिक साझेदार रहेको पनि बताउनुभयो।

**Sunita Returns**

नेशनल एरोनटिक्स तथा स्पेस एडमिनिस्ट्रेशन-नासाका अन्तरिक्ष यात्री सुनिता विलियम्स र बुच विल्मोर स्पेस-एक्स क्रु ड्र्यागन अन्तरिक्ष यानमा आज बिहान पृथ्वीमा फर्किए। उनीहरूको स्पेस-एक्स क्याप्सुल मेक्सिकोको खाडीमा अवतरण भएको थियो। यससँगै दुवै अन्तरिक्ष यात्रीको नौ महिनाको परीक्षण यात्रा समाप्त भएको छ। यी दुई अन्तरिक्ष यात्रीले नासाका निक हेग र र ूसी अन्तरिक्ष यात्री अलेक्ज्याण्डर गोर्बुनोभसँग स्पेसएक्सको क्रु-९ मार्फत आफ्नो यात्रा पूरा गरे। विल्मोर र विलियम्स गत वर्ष जूनदेखि अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा थिए। दुवै अन्तरिक्ष यात्रीले 286 दिन अन्तरिक्षमा बिताए, जुन सोचेभन्दा 278 दिन बढी थियो।

**Purple Fair-Sikkim**

रास्ट्रिय Locomotor गतिशील विकलाङ्गता संस्थान, कोलकाता, दिब्याङ्गजन सशक्तिकरण विभाग र केन्द्रीय सामाजिक न्याय तथा अधिकारिता मन्त्रालय अधि कार्यरत कौशल विकास, पुनर्वास तथा सशक्तिकरण, सिक्किम समग्र क्षेत्रीय केन्द्रले आज पाकिममा पर्पल फेयर आयोजित गऱ्यो। यसको विषय थियो **विकसित तथा समावर्शी भारतको दृष्टिकोण अनुरूप विकसित भारत 2047 र पुस्पित सिक्किम @ फिफ्टी दिव्याङ्गजनलाई सामले गर्नु।** दिव्याङगजनलाई आफ्नो योग्यता प्रदर्शन गर्ने मञ्च उपलब्ध गराउने प्रयास गरेकोमा सङ्गठनको प्रशंसा गर्दै पाकिमका जिल्लाधीश श्री रोहन अगवानेले प्रत्येक व्यक्ति आ-आफ्नै क्षमता र मूल्य हुने हुनाले समावेशी परिवेश निर्माण गर्न आवश्यक छ भन्नुभयो। समग्र क्षेत्रीय केन्द्र सिक्किमकी निदेशक सुश्री पुस्पाञ्जली गुप्ताले आफ्नो वक्तव्यमा स्वास्थ्य सुविधा, शिक्षा र कौशल विकासद्वारा दिव्याङ्गहरूलाई सशक्त बनाउन सकिने कुरो बताउनुभयो।

**Loksabha-Baishnav**

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधिमन्त्री अश्विनी वैष्णवले आज लोकसभामा पूरक प्रश्नहरूको जवाफ दिँदै, अनलाइन गेमिङ र बेटिङसम्बन्धी गतिविधि नियन्त्रणमा उल्लेख्य सुधार आएको बताउँदै अघिल्लो वर्ष १ हजार ९७० बेटिङ र अनलाइन गेमिङ वेबसाइटमा प्रतिबन्ध लगाइएको जानकारी दिनुभयो। उहाँले त्यस्ता गतिविधिहरूलाई निपटन केन्द्र र राज्य दुवै मिलेर काम गर्नुपर्नेमा जोड दिँदै, साइबर अपराधसँग सम्बन्धित सबै एजेन्सीले समन्वयमा काम गरिरहेका बताउनुभयो। साथै, उहाँले साइबर संसारका नकारात्मक असरबारे समाजमा चेतना फैलिरहेको बताउनुभयो र हालै पारित डिजिटल व्यक्तिगत डाटा सुरक्षा ऐन र टेलिकम ऐनजस्ता कानुनबाट राम्रो फ्रेमवर्क निर्माण भइरहेको जनाउनुभयो।

**Rajya Sabha-Health**

स्वास्थ्यमन्त्री जगत प्रकाश नड्डाले राज्यसभामा स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयको काम-कारबाही छलफलको उत्तर दिँदै, वर्ष 2017 मा प्रस्तुत गरिएको स्वास्थ्य नीति एक व्यापक नीति रहेको बताउनुभयो। उहाँले केन्द्रको भूमिकाले राष्ट्रिय स्वास्थ्यको लक्ष्य हासिल गर्न वित्तीय र प्राविधिक सहायता, नीति निर्माण र योजनाहरू, विकास र सहायता प्रदान गरेको छ भन्दै सरकारले आयुषका साथै एलोप्याथीमा ध्यान केन्द्रित गरेको बताउनुभयो।

**Nadda-Bill Gates**

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले आज नयाँ दिल्लीमा बिल एण्ड मेलिन्डा गेट्स फाउन्डेशनका संस्थापक बिल गेट्सलाई भेट गर्नभयो र भारत एआई मिसन र बिल एण्ड मेलिन्डा गेट्स फाउन्डेशनबीच सम्झौतापत्रमा हस्ताक्षर हुने बताउनुभयो। त्यसैगरी, स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले आज नयाँ दिल्लीमा बिल एण्ड मेलिन्डा गेट्स फाउन्डेशनका संस्थापक बिल गेट्ससँग भेट गर्नुभयो। बैठकमा, श्री नड्डाले स्वास्थ्य प्रणालीलाई सुदृढ पार्न र प्रभावकारी पहलहरू अगाडि बढाउनमा फाउन्डेशनको बहुमूल्य योगदानलाई स्वीकार गर्नुभयो। उहाँले फाउन्डेसनसँगको सहकार्यमा भारतले मातृ स्वास्थ्य, खोप र सरसफाइको क्षेत्रमा हासिल गरेको उल्लेखनीय प्रगतिबारे चर्चा गर्नुभयो।

**Punjab-Farmers Meet**

पंजाबका किसान र केन्द्र तथा राज्य सरकारका प्रतिनिधिहरूबीच चण्डीगढमा भएको बैठक समाप्त भएको छ। अर्को बैठक मे चार तारिख हुनेछ

। संयुक्त किसान मोर्चा र गैरराजनीतिक र किसान मजदुर मोर्चा  गठन गर्ने २८ किसान युनियनका प्रतिनिधिहरूले केन्द्रीय कृषि मन्त्री शिवराज सिंह चौहान, वाणिज्य मन्त्री पियुष गोयल र उपभोक्ता मामिला मन्त्री प्रल्हाद जोशीसँग भेट गरे। बैठकमा पंजाबका कृषिमन्त्री गुरमीत सिंह खुडियान, वित्तमन्त्री हरपाल सिंह चीमा र क्याबिनेट मन्त्री चेतन सिंह जौरामाजरा पनि उपस्थित थिए।

**Swiss Open Badminton**

स्विस ओपन ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकलको पहिलो चरणमा आज किदाम्बी श्रीकान्तको भिडन्त  एच.एस. प्रणयसँग हुनेछ। महिला एकलमा पी.भी सिन्धुले आज साँझ पहिलो चरणमा डेनमार्ककी जुली दावल ज्याकबसेनसँग खेल्नेछिन् भने मालभिका बन्सोडले क्यानडाकी मिशेल लीसँग खेल्नेछिन्। महिला युगलमा त्रिशा जोली र गायत्री गोपीचन्द दोस्रो चरणमा पुगेका छन्। यस जोडीले पहिलो चरणमा स्विट्जरल्यान्डकी एलाइन मुलर र नेदरल्यान्ड्सकी केली भान ब्युटेनलाई हराय ो। तृषा र गायत्रीले भोलि प्रिक्वार्टरफाइनलमा जर्मन जोडी सेलिन हब्सच र एमिली लेहमेनको सामना गर्नेछन्।

**अन्त्यमा प्रमुख समाचार पुनः एकपटक**

- राष्ट्रपति भोली उद्यम उत्सवमा हुनुहुनेछ सहभागी
- रक्षामन्त्रीले मेजर बब खाथिङ स्मृति समारोहलाई गर्नुभयो सम्बोधन
- प्रधानमन्त्री कार्यालयका राज्यमन्त्रीले २०४० सम्ममा भारतीय अन्तरिक्ष यात्री चन्द्रमामा पुग्ने दिनुभयो जानकारी
- विदेशमन्त्री र बेलायतका राष्ट्रिय सुरक्षा सल्लाहकारबीच भेटवार्ता
- नासाका अन्तरिक्षयात्रीद्वय सुनिता वुलियम्स र बुच विल्मोर अन्तरिक्ष यानमा आज बिहान पृथ्वीमा फर्किए